नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नं.: ८२

मिति :२०७७/०६/२०

विषयः साबुन पानीले हात धुने अभियान सम्बन्धमा।

श्री स्थानीय तह (सवै)

प्रस्तुत विषयमा खानेपानी मन्त्रालयको प.सं.०७७/७८ च.नं.१६७ मिति २०७७/०६/१२ को पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी **"हातको सरसफाई सबैका लागि - साबुन पानी हात, सधै साथसाथ"** भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु आयोजना गरी देशभर एक महिना (१३ आश्विन देखि १४ कार्तिक, २०७७) सम्म साबुन पानीले हात धुने अभियान (Hand Hygiene for All ) संचालन हुने भएकोले सबै सरोकारवालासंग सहकार्य गरी यस अभियानलाई सफल बनाउने कार्यमा सहयोग र समन्वय हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
फोन नं.: ४२११६९३
फ्याक्स: ९७७-१-४२११४३३
सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७७/७८
चलानी नं.:- १९६

मिति: २०७७।०६।१२

विषय: प्रदेश सरकार तथा स्थानीय तहहरुलाई अनुरोध गरिदिने सम्बन्धमा

दर्ता नं.:- २३०४
मिति:- २०७७।६।१५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा सरसफाइ गुरूयोजना, २०६८ को मर्म अनुरुप तीनै तहका सरकार र सबै सरोकारवालाहरुको साझा प्रयास र सहकार्यमा सरसफाइलाई राष्ट्रिय अभियानका रुपमा अगाडि बढाई बि.सं. २०७६ आश्विन १३ गते नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको व्यहोरा विदितै छ । तत्पश्चात खुला दिसामुक्त नेपालको दिगोपना र दिगो विकास लक्ष्य सहितका पूर्ण सरसफाइका क्रियाकलापहरुलाई एकीकृत रुपमा अगाडि बढाउन तीनै तहका सरकार र सरोकारवालाहरु बीच नीतिगत तयारी र छलफल हुँदै गर्दा कोभिड–१९ को विश्वव्यापी महामारीले हामी सबैलाई प्रभाव पारिरहेको छ । सरसफाइ गुरुयोजना, पूर्ण सरसफाइ मार्गदर्शन, खानेपानी र सरसफाइ सम्बन्धी संवैधानिक व्यवस्था आदिले सरसफाइ र स्वच्छतालाई नीतिगत एवं नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको सन्दर्भमा साबुनपानीले हात धुने विषय पूर्ण सरसफाइको एउटा महत्वपूर्ण अंग तथा कोरोना भाइरसलाई रोक्ने र एक व्यक्तिबाट अर्को व्यक्तिमा किटाणुहरु सर्न नदिने सरल एवं महत्वपूर्ण औजार सावित भएको छ । नेपालमा पनि सन् २००८ बाट हरेक वर्ष अक्टोबर १५ का दिन विश्व हात धुने दिवस मनाउंदै आइरहेका छौं।

कोरोना भाइरसको संक्रमण र बहुआयामिक प्रभावलाई रोक्न विभिन्न क्षेत्रबाट आ–आफ्नै प्रयास भइरहेका छन् । यसै सन्दर्भमा सरोकारवाला सबै निकायहरुको सहकार्यमा व्यक्तिगत, घरायसी, विद्यालय, स्वास्थ्य केन्द्र, कार्यालय, उद्योग, सार्वजनिक स्थल आदिमा साबुनपानीले हात धुने सुविधा, यसको प्रवर्धन, नियमित अभ्यास र व्यवहारको विकास गर्न, साबुनपानीले हात धुने व्यवहार सम्बन्धी सिर्जनशील उपाय एवं प्रविधिको विकास गर्न र कोभिड–१९ रोकथाम तथा नियन्त्रण गर्न साबुनपानीले हात धुनु पर्दछ भन्ने सन्देश आम सञ्चार मार्फत प्रचार गर्न सहयोग पुर्‍याउने उद्देश्यले **"हातको सरसफाइ सबैका लागि - साबुन पानी हात, सधैं साथसाथ"** भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु आयोजना गरी देशभर एक महिना (बि.सं. २०७७ आश्विन १३ देखि कात्तिक १४ गते) सम्म साबुन पानीले हात धुने अभियान (Hand Hygiene for All- HH4A) सञ्चालन गर्न लागिएकोले तहाँ मन्त्रालयबाट ७ वटा प्रदेश सरकारहरु र ७५३ वटा स्थानीय तहहरुलाई मातहातका सबै सरोकारवाला निकाय, गै.स.स., निजी क्षेत्र, सामुदायिक संस्था, उपभोक्ता समिति र सर्वसाधारण, आमसञ्चार लगायत सबैसंग सहकार्य गरी साबुन पानीले हात धुने क्रियाकलाप गर्न लगाई यस अभियानलाई सफल तुल्याउन परिपत्र गरिदिनु हुन अनुरोध गरिन्छ ।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.:- ४४४
मिति:- ०७७।६।१५
समय:-

रमाकान्त दुवाडी
सहसचिव एवं
अध्यक्ष, राष्ट्रिय सरसफाइ समिति